# उद्योग वाणिज्यमन्त्रालय
## सिभिल सप्लाइजको २००६ सालको निमित्त निर्धारित नीति

दैनिक जीवनका आवश्यकीय पदार्थहरू जनतामा सुचारुरूपले प्राप्ति र वितरण गर्ने गराउने अभिभारा यस मन्त्रालयमा परेको कुरा सर्वविदित नै छ। तर क्रान्तिको क्रमागतमा प्राप्ति र वितरणको आकस्मिक परिवर्तन गर्न अतिशय कठिन छ। तैपनि वस्तुस्थितिको पूर्ण ख्याल राखी निस्पक्ष आदर्शनीय व्यावहारिक प्राप्ति र वितरणको एक प्रणालिको जग सम्हाल्ने उद्देश्य लिई समयानुकूलको परिस्थितिको विचार गरी यथायोग्य एक नीति निर्धारित गरी अपनाइएको छ। यो प्रसारित नीतिको सफलता सर्वसाधारण जनता, साहूमहाजन र कर्मचारीमा बिलकुल निर्भर छ। यसकारण प्रसारित नीतिको सफलता प्राप्ति गर्नाका खा-तिर जनता साहू महाजन र कर्मचारीहरूसँग सहयोगको निमित्त अपील पनि गरिन्छ। नेपालको निमित्त दैनिक आवश्यकीय तपसीलका पदार्थहरू हिन्दुस्थानबाट सा-लाना कोटा र आकस्मिक कोटाको रूपमा ठेकिएकोबमोजिम पैठारी हुने भएको हो। तर पदार्थको परिमाणले मात्र जनताको माग र जरुरत पूर्ति नहुने हुँदा सो पदार्थ-को वितरणमा कन्ट्रोल गर्ने सरकार बाध्य भएको छ। तपसीलका पदार्थहरू पर्याप्त-मात्रामा पैठारी गर्न पाउने समयमा सरकारी कन्ट्रोल अवश्यमेव हटाइनेछ। हाल सो पदार्थहरूको प्राप्ति र वितरण सुव्यवस्थाका साथ गर्ने अभिप्रायले निर्धारित भएको नीति सर्वसाधारण जनतालाईसमेत ज्ञात होस् भन्ने हेतुले प्रसारित गरिएको छ।

नेपालका सबै गौंडा जिल्लामा यातायातको समसुविधा नभएको हुँदा दैनिक आवश्यकीय पदार्थको र रासनकार्डको प्रथा चलाउने विचार भए तापनि सो प्रथा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कायम गर्न सकिएको छैन । स्थान र समयानुकूल हेरी पूर्ति र वितरणको नीति निर्धारित गरिएको छ । आवश्यकीय पदार्थ पर्याप्तमात्रामा पैठारी गर्न पाइएको समयमा वितरणमा कुनै कन्ट्रोल राख्नुपर्ने आवश्यक नदेखिएको हुँदा पर्याप्त पूर्तिमा सरकारको ज्यादा ध्यान आकर्षित भएको छ । आशा छ पर्याप्त पूर्तिको कोशिशमा सरकार सफल हुनेछ ।

तपसील

| | | | | | |
|---|---|---|---|---|---|
| १ | नून मन | १२०००००। | २ | चिनी मन | १५००। |
| ३ | कपडा गाँठ | ३००००। | ४ | धागो गाँठ | १६२०। |
| ५ | सिमेन्ट टन | १२०००। | ६ | लोहा जस्ता | १२००। |
| ७ | पाइप फिट | ३००००। | ८ | कोइला | १५००। |

उक्त पदार्थको प्राप्ति पैठारी र वितरण सुव्यवस्थाका साथ गराउनाको निमित्त उक्त पदार्थहरुको आवश्यक हेरी नेपाल क्षेत्र गतिले विभिन्न क्षेत्रमा बाँडिएको छ जनतालाई असुविधा नहोस् भन्ने हेतु लिई हाम्रा सरहदका थोक व्यापारीहरुद्वारा सजिलैसँग क्षेत्रानुसार गौंडा जिल्लाको निमित्त जनसंख्याको आधारमा बाँडिएका पदार्थहरू अन्यत्र जान नपाउने गरी देशभित्र समय समयमा पैठारी गराउनाखातिर र कोटाको पदार्थ लाप्स हुन नपाउने गरी उठाई सरहदनजिकका रेलहेडसम्म पुऱ्याउने हान्डलिङ् एजेन्टहरू प्रतिक्षेत्र एक जवानका हिसाबले मुकरर गर्ने टेण्डरलिने नीति गरिएको छ । उक्त पदार्थहरू स्थानीय जरूरतअनुसार वितरणका लागि सकभर स्थानीय जनताद्वारा पैठारी गर्न गराउन विभिन्न गौंडा जिल्लाकाले बडाहाकिमले सिफारिस गरेका समेत ख्याल राखी मन्त्रालयको नियमबमोजिम काम गर्न सक्ने इम्पोर्टर्स जनसंख्याअनुसार सकभर मुकरर गरिने भएको छ । उक्त रीतिबमोजिम पैठारी भएका पदार्थ जनतामा वितरण

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गराउनाको निमित्त स्थानीय खुद्रे व्यापारीहरू कायम गर्न गौडा जिल्लाका बडा-हाकिमलाई पूर्णाधिकार दिइएको छ ।

गत वर्षदिनको अनुभवबाट देखिएको छ कि पहाड तर्फ बहुतै कोटाका पदार्थहरू पुगेका छन् । यसकारण पहाड पर्वतका जनता प्रति सरकारको ज्यादा ध्यान आकर्षितभई त्यसतर्फ लैजाने इम्पोर्टरहरूलाई विशेषरूपमा सुविधा दिने भएको छ । तराइतर्फ पनि गतवर्षको वितरणबाट देखिएको छ कि कुनै प्रान्त जनसंख्याको आधारमा हिसाब गर्दा जानुपर्ने कोटाका पदार्थ पूरा पुगेको छैन । यस कुराको ज्यादा ख्याल राखी यस वर्षको वितरण योजनामा पहाड र तराइलाई सर्वप्रथम प्रधानता दिइएको छ । साथ साथै मागअनुसारको यातायातको अनुकूलमा पनि पूरा विचार राखिएको छ । आशा छ यस वर्षमा वितरणको पूरारूपले प्रबन्ध गर्न सकिनेछ ।

वितरण कार्यमा सफलता प्राप्त गर्नाको खातिर राम्रोसँग चेक जाँच गर्नेसमेत योजना गरिएको छ । सो गर्नाको निमित्त विभिन्न गौंडा जिल्लामा दौडाहा पठाउनेसमेत विचार भएको छ । त्यस चेक जाँच आदिबाट विभिन्न गौडा जिल्लामा हुने वितरण र जनताको माग जरुतसमेत पूरा तवरबाट थाहा भई आर्को वर्षमा अझ राम्रो बन्दोबस्त गर्न सकिएला भन्ने आशा गरिएको छ ।

यस वर्ष विभिन्न कोटाको पदार्थ जिल्ला गौंडाको जनसंख्याको आधारमा प्राप्ति र वितरण गर्ने क्षेत्रगतको योजना निम्न उल्लेखितबमोजिम गरिएको छ । त्यसबाट नेपालका सबै जनताको आवश्यकीय पदार्थको माग र जरुरतपूर्ति होला भन्ने आशा गरिएको छ । तर कुनै स्थानमा विशेष कारण परी दिइएको कोटाको पदार्थ नचाहिएमा वा बढ्ता चाहिएमा केही हेरफेर गरिनेछ ।

नून कपडा :—

उक्त दुइ कुरा जनताको निमित्त दैनिक आवश्यकका पदार्थ भए तापनि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खासगरी पहाड पर्वतका जनताले सालभर हर मैन्हामा प्राप्त गराउने यातायातको असुविधा भएको हुँदा पहाड पर्वतका जनताको निमित्त वर्षादको समय छली हिउँ-दमा वा अरू समयमा वितरण गराउने निश्चय भएको छ। यसकारण प्राप्ति र पूर्ति गर्दा सोअनुसार समयानुकूल हेरी गराइने भएको छ। उक्त पदार्थको पैठारी वितरण जनसंख्याको आधारमा निम्न लिखितबमोजिम रहेको छ।

| क्षेत्र नं. | जिल्ला मौंडा | जनसंख्या | नुन मन | कपडा गाँठ | कैफियत |
|---|---|---|---|---|---|
| नं. १ | ईलाम | ६१३ | १७००० | ४३० | |
| | झापा | ६९० | १३००० | ३३० | |
| | मोरङ्ग | १७२४ | ३२००० | ८०० | |
| | धनकूटा | ३८१६ | ८०००० | १८०० | |
| | भोजपुर | १९५७ | ३६००० | ९२० | |
| नं. २ | महोत्तरी | ४६०६ | ८४००० | २१५० | |
| | सप्तरी | ३६३६ | ६७०० | १७००० | |
| | उदयपुर | ३९४ | ८००० | १९० | |
| | सिंधुलि | ६४० | १२००० | ३०० | |
| | पू. ३ नं. | १९३० | ३५००० | ७५० | |
| | पू. २ नं. | १५९७ | २९००० | ७५० | |
| नं ३ | बारापर्सा | २८३४ | ५१००० | १३३० | |
| | रौतहट | १६८१ | ३१००० | ७६० | |
| | चितवन | २६२ | ५००० | १३० | |
| | चिसापानी | ४६६ | ६००० | २४० | |
| | काठमाडौं भ्यालि | ३७६२ | ७१००० | १७६० | थप कपडा १४० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | | | | नुन ११००० |
| | प. १ नं. | २३६१ | ४४००० | ११२० |
| | पू १ नं. | २४८७ | ४६००० | ११७० |
| | प. २ नं. | ६७३ | १८००० | ४६० |
| नं. ४ | बुटवल | १७७८ | ३२००० | ८३० |
| | पाल्पा | ४७५८ | ८७००० | २२२० |
| | प. ३ नं. | २७४७ | ५०००० | १२६० |
| | प. ४ नं. | २५६६ | ४७००० | १२०० |
| | तौलिहवा | १०८३ | २०००० | ५१० |
| नं ५ | बाँकेवर्दिया | ११४३ | २१००० | ३५० |
| | सल्यान | ३८९२ | ७०००० | १७६० |
| | प्यूठान | १७३२ | ३२००० | ६१० |
| | दैलेख | २१०६ | ३६००० | ६६० |
| | जुम्ला | १२१३ | २२००० | ५७० |
| | डोटी | २०७५ | ३८००० | ६७० |
| | बैटडि | ७५४ | १४००० | ३६० |
| | डँडेलधुरा | ३७२ | ७००० | १८० |
| | कैलाली कञ्चनपुर | ४६२ | ९००० | २३० |

!! अंक नपाएको हुँदा अन्दाजि ! स्थानीय नुन पाइने हुँदा अंकबमोजिम नचाहिने बुझिएको

पुनश्च :—

उक्त जनसंख्या १९९८ सालको जनगणनाबमोजिम लिइएको छ र सो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संख्यात्रमोजिम कपडा प्रतिजवान ७ गजका हिसाबले पर्ने आउँदछ । तर तर हाल बाँडिएकोबमोजिम ६ गजका दरले वितरण गर्दा जनसंख्या बढ्न आएकोमा उक्त ७ गजको सट्टामा ६ गजका दर्ले वितरण गर्दा प्रति जवान बच्न आएको १ गजले पुग्न आउला भन्ने आशा गरिएको छ। नून प्रतिव्यक्तिलाई सालभरको निमित्त १४ पाउन्डभन्दा बढी आवश्यक नपर्नेमा उक्त सालको जनसंख्याबमोजिम १५ पाउन्ड पर्नेआउँदछ । यसकारण प्रतिव्यक्तिलाई सालभरको निमित्त १४ पाउन्डका लगभग हिसाब राखि बच्न आएको प्रतिव्यक्ति एक पाउन्डले बढी जनसंख्या भएको स्थानमा पुग्न आउला भन्ने अनुमान गरिएको छ ।

चिनी:—

हिन्दुस्थानबाट नेपालको निमित्त आउने चिनी पैठारी गर्न हांन्डलिङ् एजेन्ट राखिनेछैन । तर चिनीको पैठारी वितरण ईम्पोर्टर्सद्वारा निम्न उल्लेखित क्षेत्रगतिले हुनेछ ।

| | | |
|---|---|---|
| पूर्वक्षेत्रः- | झापा , ईलाम , मोरङ सप्तरी, महोत्तरी र यी स्थानबाट जाने ईलाकाहरु, चिनी टन | ४०० |
| मध्यक्षेत्रः- | वारापर्सा, रौतहट, काठमाडौं, थोडी, र यी स्थानबाट जाने इलाकाहरु, चिनी टन | ७०० |
| पश्चिमक्षेत्रः— | बुटवल, तौलिहवा, बांकेबर्दिया कैलालि कंचनपुर र यी स्थानहरुबाट जाने इलाकाहरु चिनी टन | ४०० |
| | चिनी टन | १५०० |

धागो:—

यो पदार्थ पैठारी वितरण गर्नाको निमित्त टेन्डर लिई २ दुइ जना हांन्डलिङ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

234

एजेन्ट मुकरर गरिनेछ । यो पैठारी वितरण इम्पोर्टरमार्फत सदर र पहाडको जरूरत हेरी गरिनेछ ।

जस्ता फलामः—

हिन्दुस्थानबाट कोटाको रूपमा आउने भए तापनि जरूरतअनुसारको नआएको हुँदा हान्डलिङ एजेन्ट राखिनेछैन । इलाका जिल्लाका भाग र जरूरत-अनुसार वितरण हुनेछ ।

विशेष बाँकी पदार्थके निर्धारित हुँदैछ ।

## सूचना

ललितपुर इलाका भटापोलको रामबहादुरको लाइसेन्स चोरी भयो भनी जाहेर गर्न आउनुभएकोले इम्पोर्टरहरूलाई यो सूचित गरिन्छ कि कसैले सो ०८।११।८ को रामबहादुरको लाइसेन्स लिई आएमा कपडा नदिनुहोला । निज रामबहादुरलाई ०८।११।२२।४ मा यस सिभिल सप्लाइजबाट नक्कल लाइसेन्स गरी दिएकोले उक्त नक्कल रामबहादुरको लाइसेन्स लिई आएमा मात्र कपडा दिनुहोला ।

का. मु. डाइरेक्टर,
सिभील सप्लाइज विभाग.

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार